नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा

☎ ०३३ -५२०१२१
☎ ०३३ -५२००९९
Email : daosiraha@gmail.com

प.सं. :- ०८०/०८१
च.नं.

मिति: २०८०।११।२१

## सरकारी वा सार्वजनिक जग्गा अतिक्रमणको सूचना वा प्रमाण उपलव्ध गराउने सम्बन्धी सूचना ।

यस सिरहा जिल्लामा कसैको निजी हक दर्ता भोगचलनमा रहेको वाहेकको सरकारी वा सार्वजनिक स्वामित्वमा रहेको, गुठी, ऐलानी, सन्धिसर्पन, गौचरन, घाट आदी जग्गाहरु कानून विपरीत कसैले आफ्नो नाममा दर्ता गरेको वा खास उद्देश्य वा प्रयोजनका लागि कुनै संस्थाको भोगचलन वा नियन्त्रण रहने गरी सुम्पेको वा जिम्मा दिएका सार्वजनिक र सरकारी जग्गाहरु बलजफ्ती अतिक्रमण वा कब्जा गरी निजी रुपमा दर्ता गरेको, दाखिला खारेज वा चलन चलाई हक हस्तान्तरण गरेको, लामो समयसम्म नियन्त्रण बाहिर रहने गरी लिजमा दिएको वा उद्देश्य विपरीत निजी कायम गरी गराई दुरुपयोग गरेको, सरकारी वा सार्वजनिक जग्गा दुरुपयोग गरी दर्ता स्रेष्ता कायम गरेको वा त्यसरी कायम भएको स्वामित्वबाट बिक्री बितरण गरेको, समय तोकी वा नतोकी भोगाधिकार सृजना गरेको, धितो बन्धक राखेको आदी जुनसुकै प्रकारको गैर कानूनी काम कारवाही सम्बन्धी आफुसँग भएको सूचना वा प्रमाणको विवरण ३० (तिस) दिन भित्र देहायको ढाँचामा यस कार्यालयमा सोझै वा इमेल मार्फत (इमेल ठेगाना : daosiraha@gmail.com) मा उपलव्ध गराई दिनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

| क्र.स. | जिल्ला | न.पा./ गा.पा | साविक | | वडा नं. | | कि.नं. | क्षेत्रफल | सरकारी प्रकृती/सार्वजनिक प्रकृति | अतिक्रमित क्षेत्रफल | अतिक्रमण गर्नेको विवरण | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | न.पा. | गा.वि.स. | हाल | साविक | | | | | नाम थर | ठेगाना | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

वासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी